विहीवार, मार्च ९, २००६
कमल कुञ्ज

केन्द्रिय र दक्षिण एसिया मामिला संबन्धी प्रमुख सहायक विदेशमन्त्री डोनाल्ड क्याम्पले दिनुभएको वक्तव्य

नमस्ते । काठमाडौंमा फेरि आउन पाउँदा मलाई ज्यादै खुशी लागेको छ ।

हिजो देखि नेपालमा मैले आफ्नो राजदूतावास, सरकारी अधिकारीहरु, राजनीतिक दल र नागरिक समाजका नेताहरु संग भेटघाट गरें । मैले महाराज ज्ञानेन्द्रसंग पनि भेटें । मेरो यो भ्रमण रचनात्मक भएको छ ।

तपाईंहरुलाई थाहा नै छ, राष्ट्रपति बुसले वहाँको अघिल्लो साताको भारत भ्रमणका क्रममा र भारतीय प्रधानमन्त्रि मनमोहन सिंहसंग नेपालका बारेमा छलफल गर्नुभएको थियो । राष्ट्रपतिले भन्नुभए झैं दुई नेताहरुको सहमति "माओवादीले हिंसा त्याग्नैपर्ने र राजाले प्रजातान्त्रिक संरचना पुन: स्थापना गर्न राजनीतिक दलहरुसंग वार्ता गर्नैपर्छ" भन्ने कुरामा भएको थियो । यो सारगर्भित भनाई संयुक्त राज्य अमेरिकाको नेपाल प्रतिको नीति हो । राजदूत मोरिआर्टिले हालैका हप्ताहरुमा यस कुरालाई सुस्पष्ट पार्नुभएको छ ।

मैले मेरो राष्ट्रपतिको यहि सन्देशलाई यहाँ आफ्ना सबै भेटघाटमा दोहोऱ्याएको छु । शान्त, सम्बृद्ध र प्रजातान्त्रिक नेपालका लागि माओवादीले हिंसा त्याग्नैपर्छ र राजाले राजनीतिक दलहरुसंग मेलमिलाप गर्नका निम्ति हात बढाउनैपर्छ भन्ने कुरामा हाम्रो विश्वास छ ।

म यहाँहरुको प्रश्न लिन तयार छु ।